# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असार २०८१

# मङ्गलबार

# बैठक सङ्ख्या- २२

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको ३:५१ बजे प्रारम्भ भयो।

(१५:५४ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ लाई विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:५४ बजे)माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारी (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष टेबल गर्दछु। धन्यवाद।

(१५:५५ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सोसँग सम्बन्धित विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम तीन मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराउन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१५:५६ बजे)<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" का सम्बन्धमा प्रतिनिधि सभाबाट पास भएर आज राष्ट्रिय सभामा टेबुल भएको छ। जुन विधेयक नेपाल सरकारले संसदलाई छलेर अध्यादेशबाट ल्याएको थियो र उक्त विधेयकलाई प्रतिस्थापन गर्दै पुनः प्रतिनिधि सभामा पेस भई आएको छ। आज त्यसै विषयमा विधेयकमा सैद्धान्तिक छलफल गरिरहेका छौं। सम्माननीय अध्यक्ष महोदय, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनको संशोधन गर्न जरुरी छ। यसको लागि पर्याप्त छलफल, अध्ययन गर्ने समय त अपर्याप्त नै हुनेभयो।

सम्माननीय अध्यक्ष महोदय, लगानी सहजीकरणका लागि सर्वप्रथम आन्तरिक लगानी कर्तालाई संरक्षण, सुदृढ र प्रोत्साहित नगरी लगानी सहज हुन सक्दैन। आन्तरिक लगानीकर्तालाई विश्वस्त नगराई बाह्य लगानीकर्तालाई भित्र्याउन सकिदैन। नेपालमा लगानीको राम्रो सम्भावना छ। तपाईंहरूको लगानी खेर जाँदैन। लगानी सुरक्षित हुन्छ भन्ने प्रचार आन्तरिक लगानीकर्ताले नै प्रचार गर्नुपर्छ। जुन सरकारले वा राज्यले चाहिँ गरेर हुँदैन। आज व्यवसायीहरू आतङ्कित छन्। विदेश पलायन भइरहेकाछन्।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा भर्खरै मात्र लगानी सम्मेलन सम्पन्न भएको छ। यसले कति उपलब्धि चाहिँ प्राप्त हामीले गर्यौं। कति बाह्य लगानीकर्ता भित्रिने वातावरण बन्यो। वर्षको तीन लाख मानिस नफर्कने गरी विदेश पलायन भइरहेका छन्। सम्माननीय अध्यक्ष महोदय, नेपालको परिणाममुखी भन्दापनि प्रकृयामुखी lengthy प्रकृया मात्र खोजिन चाहिँ खोजिन्छ

भन्ने आरोप छ। त्यसकारण परिणाम खोजौं र बाह्य लगानीकर्ताले यहाँको नियम कानुन जुन छ त्यसबाट हामी सुरक्षित छैनौं। यो हाम्रो लगानी चाहिँ सुरक्षित छैन भन्ने खालको चाहिँ प्रतिक्रिया छ भन्ने चाहिँ सुनिरहेका छौं। र चाहिँ सँगसँगै हामीले चाहिँ गत आर्थिक वर्षमा करिब करिब चाहिँ सात अर्ब मात्रै लगानी चाहिँ के रे यहाँ नेपालमा चाहिँ के रे सात लाख, के रे मात्रै चाहिँ लगानी भित्रियो भन्ने कुरा हामीले सुनेका छौं। यदि त्यो अवस्था हो भने त्यो अत्यन्त चिन्ता हामीले चाहिँ चिन्ता गर्ने विषय हो। र कमसेकम चाहिँ बाह्य लगानीलाई सहजीकरण गर्नको निम्ति यहाँको चाहिँ आन्तरिक लगानी कर्तालाई अलि बढी चाहिँ प्रोत्साहित गर्ने, संरक्षण गर्ने र त्यो काम चाहिँ राज्यले सरकारले गर्नुपर्छ भन्ने कुरा म सुझाव राख्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१५:५९ बजे)<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सुरु भइसकेको हो? म बोलेकै छैन, त्यहाँ गइसक्यो त ।

सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारले लगानी सम्मेलनको मुखमा आएर विदेशी लगानी भित्र्याउने उद्देश्यले लगानीकर्ताहरूले लगानी गर्न बाधा पुगेका ऐनहरूलाई औंल्याएकोमा उनीहरूलाई सहज हुने गरी सरकारले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संसदमा प्रस्तुत गरी पारित भई छलफलका लागि राष्ट्रिय सभाको हाउसमा आएको छ। लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक जस्ताको जस्तै पास गरेर जाने कुरामा हाम्रो दल राष्ट्रिय जनमोर्चाको सहमति छैन।

मुख्यतः हाम्रो दलले भूमिसम्बन्धी ऐन, २०२१ को दफा ११ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड २ पछि लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा २ को उपदफा २ को खण्ड ३ मा संशोधन गरी कुनै सार्वजनिक संस्था, उद्योग प्रतिष्ठान, कम्पनी, आयोजना र शिक्षण संस्थाले वा अरू कुनै संस्थानले हदभन्दा बढी जग्गा प्राप्त गरेको उक्त जग्गाको विषयमा नेपाल सरकारले पनि सुनिश्चित आदेश जारी गरेको हकमा आफ्नो व्यवहार मिलाउन अर्थात बैङ्क तथा वित्तीय संस्थाको ऋण फरफारक र दायित्व भुक्तानी गर्नको लागि खरिद गरेको हदभन्दा बढी जग्गा अन्तर्गतको हदबन्दी भित्रको जग्गा बिक्री गर्न पाउने प्रावधान थप गरेको छ। उक्त प्रावधान भूमिसम्बन्धी ऐनको दफा १२ (ङ) को प्रतिकूल छ।

त्यसका साथै हालै सर्वोच्च अदालतको पूर्ण इजलासले गिरी बन्धु टी स्टेटको हदभन्दा बढी जग्गाको सवालमा गरेको फैसलाका विरुद्ध रहेको छ। गिरी बन्धु टी स्टेटले नेपाल सरकारबाट प्राप्त गरेको पाँच सय विघा मध्ये गिरी बन्धु भाइहरूको त्यो भूमिमा लाग्ने हदभित्रको जग्गा एकाउन्न बिघा बिक्री गरेको छन्। त्यसलाई सर्वोच्च अदालतको फैसलाले बदर गरिदिएको छ। कुनै कृत्रिम व्यक्तिले एउटा निश्चित प्रयोजनको लागि सरकारबाट हदबन्दीभन्दा बढी जग्गा प्राप्त गरिसकेपछि त्यो जग्गा भित्र हद अन्तर्गतको जग्गा छुट्याउन मिल्दैन। र त्यसरी त्यो जग्गा बिक्री गर्न पनि मिल्दैन। कानुनको नजरमा सबै समान हुन्छन्। भूमिसम्बन्धी ऐनको दफा ७ अन्तर्गतका विभिन्न उपदफाहरूले कुनै व्यक्तिसँग हकभन्दा जग्गा रहेछ र निजले त्यो जग्गा बिक्री वा अंशबण्डा गरेको रहेछ भने पनि त्यो जग्गा सम्बन्धित व्यक्ति रहेछ माने अरुलाई हक छोडिदिएको लाई बदर गरी वा अमान्य हुने कानुनी व्यवस्था छ। जुन व्यवस्था प्राकृतिक व्यक्तिको हकमा कायम गरिएको छ। सोही व्यवस्था कृत्रिम व्यक्ति अर्थात् सार्वजनिक संस्था, उद्योग प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अरु कुनै संस्थाको हकमा पनि सोही प्रावधान लागू हुन्छ त्यसमा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य देवेन्द्र दाहाल।

(१६:०२ बजे)**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**: सम्माननीय अध्यक्ष महोदय, यो लगानी सहजीकरणसम्बन्धी अध्यादेशबाट आएको विधेयकलाई प्रतिस्थापन गर्न आएको विधेयक प्रतिनिधि सभाबाट यहाँ आएको छ। पारित भएर र मेरो चाहिँ दुईवटा concern छ। दुईवटा यसमा मेरो जिज्ञासा भनौं न। जिज्ञासा छ। धेरै समय अगाडिदेखि स्वदेशी लगानीकर्ताहरूलाई पनि सहजीकरण गर्नका लागि एउटा system को develop गर्नुपर्छ। त्यो भनेको एउटै टेबलबाट चाहिँ काम हुन सक्ने। धेरै वटा मन्त्रालय, धेरै वटा निकायहरू धाउनु पर्ने र धाउँदा धाउँदै त्यो उद्योग खोल्ने जे उसले कम्पनी खोल्छ त्यो मान्छे चाहिँ थाकिसक्ने स्थितिमा हुने। यस्तो खालको परिपाटीको कारणले गर्दाखेरि पनि समस्या छ। र हरेक ठाउँमा चाहिँ फेरि उसले अतिरिक्त पैसा तिर्नुपर्ने अर्थात खाँटी भाषामा भन्ने हो भने घुस दिनुपर्ने। यस्तो खालको स्थिति भएको कारणले गर्दाखेरि लगानी चाहिँ राम्रोसँगले लगानीकर्ताहरूले नगरिरहेको अवस्था अथवा प्रोत्साहित नभएको अवस्था रहेको स्थितिमा अहिले यो लगानी सहजीकरणसम्बन्धी विधेयकले के गर्या छ भन्ने एउटा कुरा।

अर्को कुरो विदेशी लगानीको कुरा छ। विदेशी लगानीकर्ताहरूको लागि त यो झन् जरुरी छ। र के गरिनु पर्छ भने यसले के गर्या छ मैले यहाँ जिज्ञासा मात्र बुझ्न खोजेको। एउटा डेस्क नै बनाइनु पर्छ। विदेशी लगानीकर्ताहरूको लागि भनेर एउटा छुट्टै डेस्क उद्योग मन्त्रालयमा अथवा कहाँ हुन्छ त्यो डेस्क नै बनाइनुपर्छ र त्यसले सहजीकरण गर्ने। त्यसले facilitation गर्ने, सहयोग गर्ने कामहरू गर्नुपर्छ। र त्यसपछाडि मात्रै यो झन्झटिला जुन प्रकृयाहरू छन्। नेपालमा उद्योग खोल्नका लागि झन्झटिलो प्रकृयाहरू छन्। यसको लागि सहजीकरण गर्नुपर्छ। कानुनका केही बुँदाहरू राखेर। छ महिनाको एक वर्षको साटो छ महिना यस्तो मात्रै राखेर मात्रै पनि हुँदेन। त्यसले गर्दा यो प्रकृयामा नै समस्या रहेको हुँदाखेरि यसको सन्दर्भमा चाहिँ ध्यान दिनु पर्छ। अनि मात्रै लगानी सहज ढङ्गले नेपालमा भित्रिन सक्छ। र यी भित्रैका आन्तरिक लगानीकर्ताहरू स्वदेशकै लगानीकर्ताहरूले पनि उत्साहवर्द्धक ढङ्गले लगानी लगाउने र यहाँ उद्योगधन्दालगायतका गतिविधिहरू हुने हुन्छ र आर्थिक रूपले देशमा चाहिँ गतिविधिहरू बढ्यो भन्देखि स्वाभाविक रूपले उत्पादन बढ्ने, राष्ट्रिय आय बढ्ने। यी सबै कुराहरू हुन्छ। त्यसकारण म यस सन्दर्भमा चाहिँ मन्त्रीज्यूको ध्यानाकर्षण गराउँछु र यस सम्बन्धमा बुझ्न पनि चाहन्छु। हवस्, धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१६:०५ बजे)<u>माननीय श्री गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>ः- मैले यहाँ के राख्न चाँहेभन्दा यो जुन किसिमले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा प्रस्ताव गरिएको विधेयकको दफा ३ को उपदफा २ बाट थप गर्न प्रस्ताव गरिएको सम्बन्धमा मध्यवर्ती क्षेत्रमा प्रदेश, स्थानीय तहका आयोजना भनेर चाहिँ सञ्चालन सक्नेछ भनेर लेख्या छ। त्यसले के देखाउँछ भन्दाखेरि मध्यवर्ती क्षेत्रमा पनि बसोबास गर्ने स्थानीय समुदायहरू हुन्छ। समुदायको हकहितको सम्बन्धमा पनि यो ऐनले व्यवस्थापन गर्या छैन। त्यसकारण ILO अन्तर्राष्ट्रिय सन्धिलाई पनि दृष्टिगत गरी तिनीहरूको पनि व्यवस्थापन गर्नको लागि तिनीहरूले पनि त्यो क्षेत्रमा invest गर्न चाह्यो भने उनीहरूले पनि invest गर्न पाउने व्यवस्था चाहिँ हुनुपर्छ। त्यो उसको मौलिक अधिकार हो।

अर्कोतर्फ यो अधिकारलाई मात्रै नभनीकन यसलाई मध्यवर्ती क्षेत्रमा मात्रै नभनीकन कुनै पनि मध्यवर्ती क्षेत्रहरूमा मन्त्रीज्यूले त तराई क्षेत्रलाई मात्रै हेर्नु भएको छ। तराई क्षेत्रको मध्यवर्ती हो त्यो चाहिँ राष्ट्रिय निकुञ्ज भित्र पर्दैन। तर हिमाली क्षेत्रको मध्यवर्तीहरू राष्ट्रिय

निकुञ्जभित्र पर्ने भएको हुनाले त्यसको यातायात देखि लिएर त्यो भोलि उनीहरूले केबल कार खोल्नुपर्यो भने rope way खोल्नुपर्यो भने राष्ट्रिय निकुञ्जको core area पनि use गर्नु पर्ने हुन्छ केही क्षेत्र use गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा पनि यो ऐनले बोलेको छैन। त्यस कारणले त्यो मध्यवर्तीको जनतालाई पनि भोलि अप्ठ्यारो पर्न सक्छ। त्यसकारण त्यो core area कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा पनि यो ऐनले चाहिँ अलिकति व्यवस्था गरोस् नत्र भने त्यो मध्यवर्तीको जनताहरूलाई चाहिँ अन्याय हुन्छ भनेर चाहिँ म यहाँ राख्न चाहन्छु।

र यही अनुसार यो ऐनमा पनि यही सम्बन्धमा चाहिँ मन्त्रीज्यूले चाहिँ कोड गर्न पाइयो भने यो चाहिँ अलिकति जटिल छ। तर अलिकति यसलाई कोड गर्न पाइयो भने राष्ट्रिय निकुञ्ज भित्रबाट त्यसलाई सम्बोधन गर्दाखेरि त्यसलाई चाहिने योजना कसरी लाने त? National grid लानु पर्यो भोलि। Rope way हरू लानु पर्यो। core area लाई चाहिँ कसरी प्रयोग गर्ने सम्बन्धमा कानुनमैत्री व्यवस्था गरिदिनको लागि म मन्त्रीज्यूलाई चाहिँ यो संशोधन गरिदिनको लागि अनुरोध गर्दछु।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१६:०७ बजे)<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूद्वारा प्रस्तुत लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि हामी छलफल गरिरहेका छौं सैद्धान्तिक पक्षमाथि।

यसो भनिरहँदा सम्माननीय अध्यक्ष महोदय, आधा ग्लासबाट म चर्चा गर्न चाहन्छु। आधा ग्लास, आधा ग्लास छ त्यसलाई हामी कसरी हेर्छौं? नकारात्मकतावादीहरूले आधा त खाली छ, खत्तम भयो नि भनेर भन्छन्। सकारात्मकतावादीहरूले चाहिँ आधा त भरिएको छ नि भनेर हेर्छन्। मलाई के लाग्छ भन्दाखेरि यसरी हेर्नुपर्ने हुन्छ चिजहरूलाई। हो निश्चित रूपमा यो विधेयक अध्यादेशबाट आयो तर सदनलाई छलेर होइन। अध्यादेशबाट ल्याउनु पर्ने त्यतिबेला बाध्यता थियो किनभने सम्माननीय अध्यक्ष महोदय, त्यतिबेला लगानी सम्मेलन हुँदै थियो विश्वभरिका लगानीकर्ता नेपाल आउँदै थिए। त लगानीका सन्दर्भमा केही ऐन कानुनहरू जटिलता थियो। ती ऐन कानुनहरू एक प्रकारले बाधकको रूपमा थिए। त्यसैले त्यतिबेलासम्म सदन थिएन। त्यही कारणले सरकारले यो अध्यादेश ल्याउनु पर्ने बाध्यता थियो। यसलाई यसरी हेर्नुपर्ने हुन्छ। सदन छलेर ल्याएको नभएर त्यति बेलाको परिस्थिति र बाध्यताका कारणले यो

ल्याएको भन्नु पर्ने हुन्छ। यदि कुरा राख्दै म यो विधेयकको बारे के भन्न चाहन्छु भन्दाखेरि यो लगानी हाम्रो देश आफैंमा आर्थिक हिसाबले आत्मनिर्भर छैन। त्यसैले विदेशीको लगानी हामीलाई चाहिन्छ। यो लगानी यो लगानी ल्याउनका लागि आकर्षित गर्नका लागि हामीलाई नियम कानुनहरू त्यही प्रकारले बनाउनुपर्ने हुन्छ। सहजीकरण गर्नुपर्ने हुन्छ हामीले। यदि त्यसो भएन भने विदेशी लगानीकर्ताहरू यहाँ आउन सक्दैनन्। विदेशी लगानी नभएपछि हाम्रो उद्योगधन्दा आदि इत्यादिको धेरै विकास गर्न सक्दैनौं।

त्यस कारणले यो विधेयक जुन त्यति बेला परिस्थितिको बाध्यताको कारणले अध्यादेशमार्फत आएको थियो। त अहिले त्यो अध्यादेशलाई प्रतिस्थापित गर्नका लागि यो विधेयक आइरहेको छ र यस सन्दर्भमा यो विधेयकलाई यसरी हेर्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु र निश्चित रूपमा लगानी सम्बन्धमा जति पनि कानुनी जटिलताहरू छन्, त्यसलाई पनि सजिलो बनाउनुपर्ने हुन्छ। त्यसो भयो भने मात्रै विदेशी लगानीकर्ताहरू आकर्षित हुन्छन् हाम्रो देशमा लगानी गर्नमा उद्योगधन्दा आदि इत्यादिको विकास हुन्छ र देशमा समृद्धि पनि ल्याउन सक्छ। त यसै सन्दर्भमा अन्तिममा जुन छ हकबन्दी भन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नु अघि आदि इत्यादि त्यस अघि चाहिँ डी.पी.आर, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्ने कुरा यो चाहिँ सायद अलि अप्ठ्यारो पार्छ कि? अनुमति लिएर यो गर्ने हो कि? यो गरिसकेपछि अनुमति लिने हो? यतातिर पनि ध्यान दिनुपर्ने हुन्छ। हुन त त्यो हामी तपाईंहरू छलफल गर्दाखेरि हामी त्यो बारेमा निश्चित रूपमा पनि त्यो बारेमा छलफल गरी एउटा टुङ्गोमा पुर्याउँला तर अहिलेलाई भनी जे जसरी आएता पनि यो विधेयक स्वागतयोग्य छ। यसलाई यसरी हेर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद। अभिवादन।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१६:१० बजे)<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ को सम्बन्धमा प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भएको छ। र हामी त्यसको सैद्धान्तिक पक्षको छलफलमा छौं। र केही दफाहरू चाहिँ हटाइएको छ। केही दफाहरू थप गरेर चाहिँ यहाँ आएको छ। र माननीयज्यूहरूले उठाइ सक्नुभएको छ। यसमा अझै सोचबिचार गर्नु पर्छ कि भन्ने लाग्यो। मलाई चाहिँ के लागिरहेको छ भने केही शब्द हटाउने केही शब्द राखिने काम गरेको छ। तर यो २०७२ को संविधान अनुकूल बनाउनु पर्ने

होइन र? यो २०२१ सालमा बनेको ऐन छ पुरै परिष्कृत र परिमार्जन गर्नु पर्ने। हामीले केही दफा थप्ने र हटाउने हिसाबले ल्याएका छौं। र त्यो त्यसलाई चाहिँ अझ एकीकृत गरेर लानुपर्ने हुन्छ भन्ने मलाई लाग्यो। दुईवटा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को छ र यो २०२१ को छ।

यो भएको हुनाले सरकारलाई आवश्यक परेर अलिकति लगानी सम्मेलनलाई भित्र्याउनको लागि यो आवश्यक छ। बाह्य पुँजी चाहिँ आकर्षण गर्नुपर्ने योजना, आन्तरिक पुँजीलाई पनि आकर्षण गर्नुपर्ने छ, व्यवस्थित गर्नुपर्ने छ। पुँजीको सुरक्षा। सहजी कानुनी वातावरण बनाउनु पर्छ भन्ने कुरा हामीले आफैंले पनि बहस, छलफल पनि गरिरहेका छौं। तर यो ऐनलाई जहिले पनि हामी टालटुल गर्ने। केही दफा हटाउने केही दफा राख्ने अनि समयानुकूल बनाउने भन्ने भन्दा पनि यसलाई एकीकृत रूपमा यसलाई व्याख्या र विश्लेषण गरेर समयसापेक्ष बनाउन चाहिँ आवश्यक छ। यो गरिएको अहिले सम्बन्धित मन्त्रालय खास गरीकन यो उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको के ध्यानाकर्षण गराउन चाहन्छु भने अहिले आवश्यक भए तत्काल हतार भए सरकारले यो ल्याएको छ। यो ठिकै छ। तर अब यसलाई अझै व्यवस्थित गर्नको लागि चाहिँ हामीले संविधान अनुकूल बनाउनु पर्नेछ र धेरै समस्याहरू यसमा रहेका छन्। यही यहाँ संशोधन गरेकै कुरालाई पनि कार्यान्वयन गर्ने कुरा चाहिँ समस्या हुन्छ कि भन्ने मलाई लागिरहेको छ। जस्तो यो १२ को ६ मा स्वीकृत गराउनु पर्ने भने र हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नु अघि कुनै सार्वजनिक संस्था, उद्योग कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना, संघ संस्थाले जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना डी.पी.आर. र वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा स्वीकृत गराउनु पर्ने भन्ने छ।

हाम्रो त आन्तरिक रूपमा समन्वय र सहकार्य हुँदै हुँदैन मन्त्रालयहरूको। त्यो भएको हुनाले यो कति समय लाग्ने हो र? लागू हुने हो र? विदेशीहरूले हाम्रा कुरा चाहिँ विश्वास गर्ने हुन् र हामीलाई लगानी गर्ने हुन भन्ने कुरामा अलिकति चिन्ता छ। यसतर्फ पनि कार्यान्वयन गर्नको निम्ति सम्बन्धित मन्त्रालयको अलि रफतारमा काम गर्ने र अरु मन्त्रालयसँग चाहिँ समन्वय र सहकार्य गर्नु पर्ने देखिन्छ। यी दुईवटा मन्त्रालयको कुरा चाहिँ आइरहेको छ। वनसँगको कुरो, मलाई लाग्छ स्थानीय तहसँग पनि गर्नु पर्ने हुन्छ र यहाँ राखिएका विभिन्न प्रतिष्ठान, सङ्घ संस्थाहरूको कुरा पनि छ। त्यसले गर्दाखेरि मेरो आशङ्का चाहिँ के हो भने ढिलो हुने र कार्यान्वयन नहुने हो कि भन्ने शङ्का चाहिँ लागेको छ। हवस् त, धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य पदम बहादुर परियार।

(१६:१३ बजे)**माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को सम्बन्धमा यो ऐन जुन सन्दर्भमा जुन परिप्रेक्ष्यमा जस्तो राजनीतिक घटनाक्रमसहित आयो। यो त्यति सजिलोसँग आएको छैन। यसमा संशय गर्ने ठाउँहरू छन्। यद्यपि यो विधेयक ज्यादै महत्त्वपूर्ण छ देशको विकासको लागि तर जसरी आएको छ जुन परिप्रेक्ष्य आएको छ। त्यसले अलिकति संशय जन्माएको छ। खास गरीकन यसको political intent जुन छ। यसको जुन राजनीतिक उद्देश्य छ, यसमा संशय देखाएको छ। खास गरीकन यो ऐनले भूमिसम्बन्धी ऐन र राष्ट्रिय निकुञ्जसम्बन्धी ऐनलाई जुन संशोधन गर्न चाहिरहेको छ। त्यसमा धेरै महत्त्वपूर्ण राष्ट्रिय हितका विषयहरूलाई परिवर्तन गर्न खोजिएको छ। र त्योसम्बन्धी जुन परिप्रेक्ष्यमा आएको छ। यसमा ध्यान दिनुपर्ने चाहिँ देखिएको छ।

त्यसै गरीकन अध्यक्ष महोदय, सामान्यतया अहिले विधेयकहरू आउँदाखेरि जुन क्षेत्रसँग सम्बन्धित विधेयकहरू हुन्, त्यही क्षेत्रहरूसँग सम्बन्धित विधेयकहरू छुट्टा छुट्टै आउनु पर्छ र संसदले त्यसलाई पास गर्नुपर्छ। यसरी एउटा विधेयक आउने र चाहिँ दर्जनौं ऐनहरूलाई संशोधन गर्ने यो अभ्यास सही अभ्यास होइन। यसलाई हामीले seriously हेर्नुपर्छ। खास गरीकन यसले यो राष्ट्रिय निकुञ्जसम्बन्धी जुन चाहिँ संशोधन गर्न खोजिरहेको छ। र राष्ट्रिय निकुञ्ज भित्र eco-tourism सम्मको कुरालाई ठिकै छ। तर राष्ट्रिय निकुञ्जभित्र नै फेरि अन्य खालका व्यवसायहरू दिने खालको जुन व्यवस्थाहरूको बारेमा पनि सोचिएको छ। बजारमा छलफल भएको छ। ज्यादै serious विषय छ।

तसर्थ यसको बारेमा सोच्नका लागि पनि म अध्यक्ष महोदयमार्फत सम्बन्धित मन्त्रीलाई अनुरोध गर्न चाहन्छु। र खास गरीकन यो भूमिसम्बन्धी ऐनको संशोधन गर्न खोजिएको छ र यसको यो हदबन्दीको जुन कुरा छ। हामीले व्यक्तिगत प्रयोगको लागि पनि त्यही हदबन्दी राख्ने र उद्योग खोल्ने प्रयोजनको लागि पनि त्यही हदबन्दी राख्दाखेरि नेपालमा उद्योगहरू फस्टाउन नसकिरहेको सन्दर्भमा यो ऐन संशोधन गरिरहँदाखेरि उद्योगहरू खोल्दाखेरि यसको हदबन्दीको म्याद पनि हदबन्दीको मात्रा पनि त्यही अनुसार चाहिँ राखिनु पर्छ भनेर म प्रस्ताव गर्न चाहन्छु। हवस् त, धन्यवाद।

(१६:१५ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, 2081 माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१६:१६ बजे)<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारी</u>:- सम्माननीय अध्यक्ष महोदय, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्नु पर्ने, त्यसलाई विधेयकको रूपमा पारित गर्नुपर्ने हिजो मात्रै सम्मानित प्रतिनिधि सभाबाट पारित भएर आज यो सम्मानित सभामा यसले प्रवेश पाएको छ। त्यस माथिको सैद्धान्तिक छलफलको क्रममा थुप्रै माननीयज्यूहरूले आफ्ना जिज्ञासाहरू, यो ऐन प्रतिको आफ्ना धारणाहरू पनि व्यक्त गर्नु भएको छ।

म सम्माननीय अध्यक्षज्यूमार्फत योसम्बन्धी आफ्ना धारणा व्यक्त गर्नुहुने माननीय सदस्यज्यूहरूलाई र यहाँ सहभागी हुनु भएका माननीय सदस्यज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यतिखेर मुलुकले तीनवटा लगानी सम्मेलनहरू हामीले सम्पन्न गर्यौं। लगानी सम्मेलनको सान्दर्भिकता त्यसको महत्त्व तपाईं हामी सबैलाई थाहा छ। अझै लगानीमैत्री वातावरण बन्न सकेनन्। लगानीमैत्री वातावरण किन बन्न सकेन? यसको थुप्रै कारणहरू होलान्। तर मूलभूत रूपमा अहिले पनि नीतिगत रूपमा केही प्रश्नहरू छन्। ती नीतिगत रूपमा रहेका प्रश्नहरूको निरूपण पहिला गर्नुपर्छ। अहिले पनि अन्तरमन्त्रालयहरू उद्योग मन्त्रालय, वन मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय जस्ता मन्त्रालयहरूका ऐनहरू परस्परमा मेल नखाने जस्ता प्रश्न आइसकेपछि यसलाई कानुनी रूपमा हामीले सुधार गर्नुपर्छ। नीतिगत रूपमा यसलाई सुधार गर्नुपर्छ भन्ने उद्देश्यको साथमा सरकारको तर्फबाट अझै योसँग सबैभन्दा धेरै सम्बन्धित निकायहरू त्यो क्षेत्रका व्यक्तित्वहरू त्यसलाई अझ संस्थागत रूपमा भन्नु पर्दा FNCCI, Chamber of Commerce, CNI जस्ता निजी क्षेत्रलाई सामेल गरेर उहाँहरूसँग पर्याप्त रूपमा छलफल गरेर यी ऐनहरूमा के के सुधार आवश्यक छ। तपाईंहरूको तर्फबाट सरकारलाई सुझाउनुहोस् भनेर धेरै चरणमा अन्तरमन्त्रालयसँग पनि बसेर र विशेषतः उद्योग मन्त्रालयमा उहाँहरूका सबै भावनाहरूलाई सम्बोधन गर्ने गरी बाह्य लगानी या आन्तरिक लगानी दुईवटै लगानीलाई सहज बनाउन उद्योग क्षेत्रको विकास र त्यसको प्रवर्धन गर्न उद्यमशीलताको

विकास गर्न सरकारले जुन लगानी सम्मेलनको आयोजना गर्यो त्यो लगानी सम्मेलन प्रयोजन हामीले यी ऐनहरूलाई संशोधन गर्नु पर्छ भन्ने सरकारले महसुस गरेर यो कुरा अगाडि बढायो।

तत्कालीन बेला संसद सम्मानित संसदको आह्वान गरिएको थिएन। सम्मानित संसदको अधिवेशन नरहेको सन्दर्भमा सरकारले यी कुराहरूलाई अत्यावश्यक सम्झेर त्यसलाई पनि संविधानको व्यवस्था बमोजिम संवैधानिक व्यवस्थालाई ध्यानमा राखेर सरकारले अध्यादेश ल्याउनुपर्ने एउटा बाध्यात्मक परिस्थिति रहेको कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत यो सम्मानित सभामा राख्न चाहन्छु। र त्यसलाई अहिले यतिखेर हामीले यो बिचमा खास गरीकन सरकारको नीति तथा कार्यक्रम, सरकारको बजेटमा संसदले बढी business गर्नु पर्ने, बढी कार्यसूची भएका कारणले यसलाई हामीले चाहेर पनि यो संसदका समितिमा छलफल गराउनु पर्ने त्यो चाहेर पनि अब समयले हामीलाई अनुमति दिएन। त्यसैले हामीले संसदबाटै यसलाई पारित गराउनु पर्ने एउटा बाध्यात्मक परिस्थिति रहेको कुरा म जानकारी गराउन चाहन्छु।

र यसमा यो बिचमा प्रतिनिधि सभामा यसलाई पारित गराउने सन्दर्भमा मैले संशोधनकर्ता माननीयज्यूहरूका प्रमुख सचेतकज्यूहरूसँग अझ परामर्श गरेर अझ अन्तरमन्त्रालयलाई समेत राखेर संशोधनकर्ताको भावनालाई सम्बोधन गर्ने उद्देश्यको साथमा यसलाई कुनै सत्ता पक्ष, प्रति पक्ष, यो पक्ष त्यो पक्ष भन्नुभन्दा यसलाई सिङ्गो संसदले यसलाई आत्मसात् गरोस् यसमा रहेका सवल पक्ष अध्यादेश स्वाभाविक रूपमा सरकारको तत्कालीन विषयमा चाहिँ ल्यायो। अझ यसलाई व्यावहारिक बनाउन हामीले संशोधनकर्ता माननीयज्यूहरूका मतहरूलाई पनि राखेर हिजो कतिपय ती मतहरूलाई स्वीकार गरेर यो अध्यादेशले यो प्रतिस्थापन विधेयकमा ती मतहरूलाई संशोधन प्रस्तावहरूलाई स्वीकारेर यसलाई पूर्णता दिने गरी हिजो पारित भएको छ। स्वाभाविक छ, कुनै पनि कानुन निर्माण गर्दाखेरि संसदले पर्याप्त छलफल गर्नुपर्ने, संसदका समितिहरूमा त्यसले छलफलको माग गर्ने कुरा यो स्वाभाविक थियो। तर कतिपय सन्दर्भहरू हामीले यस्ता प्रयोजनका लागि संसद नरहँदा त्यसले संवैधानिक रूपमा पनि हामीले अध्यादेश त्यसलाई प्रतिस्थापन विधेयक संसदबाटै टुङ्ग्याउने र त्यसमा पक्ष विपक्ष, मत मतान्तरका विधिहरू पनि हाम्रा संवैधानिक व्यवस्था हुन्। त्यसैले यसमा चाहिँ कुनै संशय माननीय सदस्यहरूले जसरी प्रकट गुर्नुभो।कुनै संशय राख्नुपर्ने म कारण देख्दिनँ।

यसलाई अझ समयक्रम अनुसार र अघि पनि माननीय सदस्यज्यूहरूबाट आयो कि ऐनहरू पुराना भए। समयसापेक्ष बन्न सकेनन्। तिनीहरूलाई संशोधन भन्दा पनि त्यसलाई नयाँ ऐनको माध्यमबाट बढी प्रभावकारी बनाउने कुराको पनि माग गर्नु भो। त्यो कुरा पनि स्वाभाविक छ। हामीले अहिलेको यो पछिल्लो संसदको समयावधि एउटा अधिवेशनको session सक्यौं। थुप्रै

संसदमा टेबुल भएका विषयहरूमा हामीले छलफल गर्न पाएका छैनौं। अहिले मुलभूत रूपमा कानुन निर्माणमा संसदले जुन प्राथमिकता पाउनु पर्ने हो। माननीय सदस्यज्यूहरूका जति त्यो कुरामा केन्द्रित हुनुपर्ने हो। विभिन्न परिवेश परिस्थितिले यो विषय ओझेल परेको छ। यो स्वाभाविक छ। यो ओझेलमा परेको कुरा तपाईं हामीले महसुस गरेका छौं। त्यसैले अब यो session र आगामी दिनमा हामीले मूलतः अहिले पनि नीतिगत रूपमा रहेका कतिपय समस्याहरूलाई हामीले सम्बोधन गर्नुपर्ने, यथेष्ट कानुन निर्माण गर्नुपर्ने, सरकारको प्राथमिकता नीतिगत रूपमा सुधार गरेर हामीले अहिलेको जुन जटिलताहरू छन् ती जटिलताहरूलाई फुकाउँदै लगानीमैत्री वातावरण बनाउने, आन्तरिक लगानी, बाह्य लगानी बढाउने कुरामा सरकार गम्भीर रहेको म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूलाई आग्रह गर्न चाहन्छु।

र यसमा माननीयज्यूहरूले स्वदेशी उत्पादनलाई वृद्धि गर्ने या स्वदेशी लगानीहरू या बाह्य लगानीहरूलाई अझ व्यवस्थित गर्ने सम्बन्धमा अहिलेपनि विभिन्न ठाउँमा विभिन्न मन्त्रालयमा धाउनु पर्ने यताले उता देखाउने, उताले उता देखाउने। यी झन्झटिला प्रक्रियाहरूलाई पनि अन्त्य गरेर एकल विन्दुबाट सेवा प्रवाह गराउने भन्ने प्रस्ताव आएको छ। यसमा खासगरी उद्योग मन्त्रालयको तर्फबाट अहिले पनि एकल विन्दुबाट सेवा प्रवाह भइरहेको कुरा म अवगत गराउन चाहन्छु। अहिले राष्ट्र बैङ्कको प्रतिनिधि, उद्योग विभाग अनि त्यसै गरी भूमि व्यवस्था लगायतका ६ वटा युनिटहरू रहेको उद्योग विभागमा यो एकल विन्दु सेवा प्रवाह अहिले सुचारु भइरहेको छ। त्यो खासगरी बाह्य लगानीकर्ताको हकमा त्यो अत्यन्त प्रभावकारी छ र म जानकारी गराउन चाहन्छु।

लगानी सम्मेलनले कति उपलब्धि प्राप्त भयो कति लगानी भित्रियो, कति भित्रिएन, त्यसका सफलता, त्यसमा रहेका कमजोरीहरू के रे त्यसको पनि समीक्षा गरौंला। लगानी सम्मेलन गर्ने बित्तिकै सबै एकैपटक हस्ताक्षर हुन्छन्। लगानी स्वीकृत हुन्छ भन्ने कुरा भएन। त्यसमा सरकारलाई यथेष्ट रूपमा ध्यान दिनुपर्ने, निरन्तर रूपमा लगानी मैत्री यो यति कानुन निर्माण गरिसकेपछि पनि पर्याप्त वातावरण बन्यो यो होइन। वातावरण बनाउने क्रम यसले सुरुवात गर्यो। त्यसैले हामीले यसमा चाहिँ साझा सहमतिको साथमा कानुन निर्माणको, त्यसमा पनि लगानी भित्र्याउने कुरामा हामी माननीय सदस्यज्यूहरूले जुन गम्भीरताका साथ यो कुरा उठाउनु भयो। त्यो उचाइबाट सरकारले त्यसलाई यथेष्ट रूपमा अगाडि बढाउने छ। र त्यो लगानी सम्मेलनको सन्दर्भमा पनि हामीले एकल विन्दु सेवाबाट अझ त्यसमा automatic note भन्छौं। नौ अर्ब तिस करोडको लगानी हामीले स्वीकृत गर्यौं। त्यहीं on the spot, त्यसमा लगानी गर्ने, लगानी खोजेको, लगानी गर्न खोज्नेले प्रस्ताव गरेको, लगानी स्वीकृत गरेको एकैपल्ट त्यो कुनै कहीं

जानु परेन। त्यहीँनिर लगानी स्वीकृत भएको कुरा पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

त्यसैले फेरि पनि यतिखेर जुन हामीले खासगरी जुन निराशा पैदा भएको छ। आज वेरोजगारी सृजना भएको छ। व्यवस्था प्रति, सरकारप्रति जुन निराशा छाएको छ। त्यसलाई एउटा आशामा बदल्न फेरि पनि नेपालको प्राकृतिक स्रोत साधनमा आधारित उद्योगहरू आजको व्यापार असन्तुलन तपाईं हामीले देखेका छौं। ठूलो व्यापार घाटा हामीले बेहोरिरहेका छौं। त्यसलाई पनि न्यूनीकरण गर्नुको लागि अहिले हाम्रो आन्तरिक उत्पादन वृद्धि गर्न सरकारले नीतिगत रूपमा खासगरी सरकारको नीति कार्यक्रम बजेटबाट पनि केही कार्यक्रमहरू अगाडि सारेको छ। र यो अझै यो एकीकृत कानुन छुट्टा छुट्टै आउनुपर्दथ्यो। त्यो पनि समयक्रममा सम्बन्धित मन्त्रालयले ल्याउने नै छ। तर यो विशेषतः लगानी सम्मेलन केन्द्रित भएको हुनाले यसमा हामीले धेरै तल माथि गर्न हामीलाई चाहिँ हरेक हिसाबले पनि अनुमति हुँदैन। जे कुरामा हामीले केन्द्रित गर्न खोजेका छौं। जे कुरामा व्यवधान सिर्जना भएका छन्। तत्कालीन ती कुराहरूलाई फुकाएर क्रमशः मन्त्रालयले त्यसलाई आगामी दिनमा ल्याउने नै छ। त्यसैले जग्गा प्राप्तिको कुरा, जग्गाको त्यसलाई बिक्री वितरण गर्ने कुरा र यसै गरी खासगरी राष्ट्रिय निकुञ्ज र यो मध्यावर्ती क्षेत्र यसमा पनि माननीय सदस्यज्यूहरूको जे संशोधन प्रस्ताव प्रतिनिधि सभामा प्रकट भए सत्ता पक्षबाट, प्रतिपक्षबाट। ती कुराहरूलाई समेटेर पनि हामीले यसलाई त्यो संशोधन प्रस्तावलाई स्वीकार गरिएको छ। र त्यही आधारमा हिजो पारित भएको छ।

अहिले जे जटिलतामा मध्यवर्ती क्षेत्र या राष्ट्रिय निकुञ्जलाई हामीले जे हिसाबमा अहिले व्यवहार बुझिरहेका छौं। त्यहाँ भित्रको कामहरू त्यहाँको निर्माणको कामहरू त्यसलाई अहिले जुन जटिलताहरू छन्, ती जटिलताहरूलाई फुकाएर हामीले यसलाई अझ सहजीकरण गर्ने हिसाबबाट यो संशोधनलाई स्वीकारिएको छ र अझ फेरि माननीय सदस्यज्यूहरूले यसमा यो दफावार छलफलको क्रममा अझ यहाँहरूका जिज्ञासाहरू, यहाँहरूका चासोहरू या त्यसमा संशोधन गर्नुपर्ने यहाँहरूका बुझाइहरूलाई अझ हामीले प्रस्ट पार्ने छौं। र मैले अहिले यतिखेर सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूले उठाएका कतिपय सन्दर्भहरूलाई यसका सैद्धान्तिक पक्षहरूमा रहेका पक्षहरूलाई मैले मन्त्रालयको तर्फबाट यिनै जवाफहरू दिएर बिदा हुन्छु। धन्यवाद।

(१६:३० बजे)**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हन्छ" भन्नुहोस्।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

- हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार १९ गते बुधवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार १९ गते बुधवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १६:३१ बजे।